नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.......................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८१/८२
च.नं.: 66

मिति २०८१।०४।२८

श्री सबै महानगर/उपमहानगर/नगर तथा गाँउपालिकाहरु ।

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।

बिषय: उद्यमशीलता तथा वित्तीय साक्षरता (GYB/SYB) तालिमका लागी प्रस्ताव पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्ले विगत वर्षहरुदेखि १६ देखि ४० वर्षका युवाहरुलाई लक्षित गरी सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरताको आधारभूत तालिम सञ्चालन गर्दै आइरहेको छ। राष्ट्रिय युवा परिषद्ले विगत वर्षहरुदेखि सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम लक्षित वर्गमा कर्जा प्रवाह गर्ने प्रयोजनले उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयन तथा कार्यक्रमको प्रभावकारीताको लागि स्थानीय तह र कुनै सम्बन्धित वाणिज्य बैंकहरुबीच त्रिपक्षीय सम्झौता गरी सहकार्य पनि गर्दै आएको छ। यसै सन्दर्भमा नेपाली युवाको समग्र विकासका लागि रोजगारी, उद्यमशिलता र सिप विकासमा जोड दिदैं नेपाली युवालाई उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाउँदै सबल अर्थतन्त्रको विकासका माध्यमबाट समृद्ध नेपाल निर्माणमा युवाहरुलाई सहभागि गराउन यस परिषद्को आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत एक समुहमा ३० देखी ३५ जना रहनेगरी करिव एक हजार जना व्यवसाय गरिरहेका तथा गर्न इच्छुक युवाहरुलाइ ILO तालिम प्याकेज अनुरुप ७ दिने उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम दिने लक्ष्य रहेकाले तालिम सञ्चालन गर्न इच्छुक स्थानीय तहहरुले यही मिति २०८१ भाद्र ३१ गतेभित्र राष्ट्रिय युवा परिषदमा वा इमेल मार्फत nycgybsyb@gmail.com/info@nyc.gov.np मा प्रस्ताव पठाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

दिनेश घिमिरे

प्रशासकीय प्रमुख

**नोट:** स्थानीय तहले उपयुक्त हल तथा तालिम अबधिभर २ जना प्रशिक्षकको खाना तथा आवासको व्यबस्थापन अनिवार्य रुपमा गर्नुपर्नेछ भने अन्य तालिम खर्च व्यवस्थापन सम्बन्धमा पछी प्रस्ताव स्वीकृत भएपश्चात सम्झौता हुनु अगावै परिषद् र स्थानीय तहको आपसि सहमतिमा टुङ्ग्याईनेछ ।